खानेपानी तथा सरसफाइ सबैका लागि सधैंका लागि



# खानेपानी, सरसफाइ तथा स्वच्छता
# राष्ट्रिय शिखर सम्मेलन

**२०७१ चैत्र ५–६, काठमाडौं**



# भव्यताका साथ सम्मेलनको सुरूवात

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल (फेडवासन) को आयोजनामा 'खानेपानी, सरसफाइ तथा स्वच्छता दोस्रो राष्ट्रिय शिखर सम्मेलन' काठमाडौंमा २०७१ फागुन ५ र ६ गते भव्यताका साथ सम्पन्न भएको छ । सम्मलेनले ७ बुँदे प्रतिबद्धतापत्र जारी गरेको छ । सम्मेलनमा फेडवासनका ५८ जिल्लाबाट विभिन्न उपभोक्ता समितिका प्रतिनिधि, अन्य जिल्लाका उपभोक्ता पर्यवेक्षक, महासंघका केन्द्रीय पदाधिकारी, सदस्य र कर्मचारी, नेपाल सरकारका केन्द्र र जिल्ला तहका प्रतिनिधि, विकास साभ्रेदारका प्रतिनिधिहरु, सरोकारवालाहरु र संचारकर्मीसहित ४०० सयभन्दा बढीको सहभागिता रह्यो ।

नेपाल सरकार, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, ग्रामीण पूर्वाधार तथा कृषि सडक विभाग, शिक्षा विभाग, फण्ड बोर्ड, युनिसेफ नेपाल, विश्व स्वास्थ्य संगठन, सेभ द चिल्ड्रेन, वाटर एड नेपाल, प्लान नेपाल, हेल्भेटास, आरभीडब्लूआरएमपी, आरडब्लूएसएसपी, सिमाभी (नेपाल वास एलाएन्स), नेपाल स्वास्थ्यका लागि पानी, स्वीस वाटर एन्ड सानिटेशन कन्सोर्टियम, स्वीस रेडक्रस, टीडीएचलगायतका निकायको सहकार्यमा सम्मेलन भएको हो । सम्मेलन पहिलो दिन होटल याक एन्ड यतिमा र दोस्रो दिन त्रिपुरेश्वरस्थित वर्ल्ड टेड सेन्टरमा भएको थियो ।

## भव्य उद्घाटन

सम्मेलनको सुरुमा बिहानै काठमाडौंमा बृहत र्‍याली निकालिएको थियो । सुन्धाराबाट निस्किएको र्‍याली जमल हुँदै सम्मेलन उद्घाटनस्थल दरबारमार्गस्थित होटल याक एन्ड यतिसम्म पुगेको थियो । सम्मेलनको सहरी विकास मन्त्री डा. नारायण खड्काले भव्य समारोहबीच पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो । त्यसक्रममा प्रधानमन्त्री सुशील कोइरालाले व्यस्तताका कारण कार्यक्रममा उपस्थित हुन नसकेको जानकारी गराउँदै सम्मेलनको सफलताको शुभकामना पत्र पठाउनु भएको थियो, जसलाई उद्घाटन समारोहमा वाचन गरिएको थियो ।

सम्मेलनको उद्घाटन गर्दै मन्त्री खड्काले दुई वर्षभित्र ५० लाख जनतालाई पानी र एक करोड व्यक्तिमा सरसफाइको पहुँच पुर्‍याउनुपर्ने अवस्था रहेको भन्दै महाभारतीय चुनौती सामुन्ने रहेको बताउनु भयो । अबको आठ दश वर्षभित्र पानी द्वन्द्वको खतरा ल्याउने एउटा कारण बन्ने उल्लेख गर्दै पानी संकट नेपालका लागि अब गरिबी र बेरोजगारको सूचीसँगै थपिने अर्को समस्या हुने धारणा मन्त्री खड्काले राख्नु भयो ।

यसैगरी सभासद् आनन्द पोखरेल, पूर्व वातावरणमन्त्री गणेश साह, अर्थसचिव सुमन शर्मा, राष्ट्रिय योजना आयोगका सदस्य डा गोविन्द नेपाल, सहरी विकास मन्त्रालयका सहसचिव तथा सरकारका वास प्रमुख रामचन्द्र देवकोटा, युनिसेफको वास विभाग प्रमुख आउन्टी राउटाभारा, खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका विकास साभ्रेदार समूहका अध्यक्ष युका इलोमाकीलगायतले शिखर सम्मेलनको सफलताको कामना व्यक्त गर्नुभएको थियो । उद्घाटन सत्रको सभापतित्व गर्नुभएका फेडवासनका राष्ट्रिय अध्यक्ष राजेन्द्र अर्यालले 'राम्रो कामलाई फैलाउने र नराम्रोलाई औंलाउने' नीतिअनुसार फेडवासन अगाडि बढिरहेको बताउनुभयो । उहाँले सम्मेलनमा मुलुकभरको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति, राम्रा नराम्रा पक्ष, यस विषयको कानुनी तथा नीतिगत पक्ष, सुचारुपना र दिगोपना, सुशासन तथा लैंगिक समता र सामाजिक समावेशीकरण, जलवायु परिवर्तनलगायतमा मुद्दामाथि शिखर सम्मेलनमा बहस र छलफल हुने बताउनु भएको थियो ।

उद्घाटन सत्रमा पनि दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । खानेपानी महसुल निर्धारण आयोगका अध्यक्ष हरिप्रसाद शर्माले 'खानेपानी तथा सरसफाइको वर्तमान अवस्था तथा चुनौतीहरु' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने फेडवासनका कार्यक्रम व्यवस्थापक बालकृष्ण पोखरेलले 'फेडवासन र खानेपानी, सरसफाइ तथा स्वच्छता शिखर सम्मेलनको खाँचो' विषय कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## कदरपत्र

फेडवासनसँग सहकार्य गर्दै खानेपानी तथा सरसफाइ र स्वच्छताको क्षेत्रमा काम गर्न योगदान पुर्‍याउने ६ वटा सरकारी निकाय तथा २० वटा विकास साभ्रेदार संस्थाहरुलाई फेडवासनकोतर्फबाट प्रदान गरिएको कदरपत्र प्रमुख अतिथि मन्त्री डा. खड्काले हस्तान्तरण गर्नुभएको थियो ।

# सम्मेलनमा भएका बहस र छलफल

उद्घाटनपछिको प्राविधिक सत्रमा सुरुमा खानेपानी तथा सरसफाइमा उत्कृष्ट व्यवस्थापन गरेका उपभोक्ता संस्था तथा ग्रामीण मर्मत सम्भार कार्यकर्ताको प्रस्तुतीकरण रहेको थियो । यस सत्रको अध्यक्षता खानेपानी तथा ढल निकास विभागका महानिर्देशक रामदीप साहले गर्नुभएको थियो भने सहअध्यक्षता वाटर एड नेपालकी राष्ट्रिय प्रतिनिधि तृप्ति राईले गर्नुभएको थियो ।

त्यसक्रममा महिलाले मात्र व्यवस्थापन सम्हालेको बाजुराको जुगाडा गाविसस्थित रोटेपानी खानेपानी उपभोक्ता समितिका तर्फबाट अध्यक्ष दीपा विक, उपाध्यक्ष धना लोहार, सहसचिव मीना विकले प्रस्तुति राख्नु भएको थियो । यस्तै मोरङको मावा मधुमल्ला खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका तर्फबाट अध्यक्ष शेरबहादुर बस्नेतले प्रस्तुति गर्नुभएको थियो । उहाँले काकाकुल बस्तीबाट पानी बेच्ने अवस्थामा पुगेको उल्लेख गर्नुभएको थियो। यसैगरी दाङको हापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका तर्फबाट सदस्य कुमारी पुनले प्रस्तुति राख्नु भएको थियो, जो महिला भईकन पनि पलम्बरको काम गरेर सबैलाई पानी खुवाउने उदाहरणीय काम गर्दै आउनु भएको छ ।

प्राविधिक सत्रको दोस्रो श्रृंखलाका क्रममा ' खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था तथा नेपाल सरकारको पहल (मस्यौदा तथा मस्यौदा नीति)' माथि बहस र छलफल भएको थियो । यस सत्रको सहरी विकास मन्त्रालयका सहसचिव तथा नेपाल सरकारको वास प्रमुख रामचन्द्र देवकोटाले अध्यक्षता गर्नुभएको थियो भने सहअध्यक्षता आरभीडब्लूआरएमपीका विज्ञ परिक्षितकुमार श्रेष्ठले गर्नुभएको थियो । यस सत्रमा सहरी विकास मन्त्रालयको क्षेत्रगत दक्षता अभिवृद्धि इकाइका सिनियर डिभिजन इन्जिनियर कविन्द्र कार्कीले सरकारले तयार गरिरहेको खानेपानी तथा सरसफाइसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो । यस सत्रको प्यानलगत छलफलमा डोलिडारका सुरेश केसी आरडब्लूएसएसपीका ऋतुप्रसाद चौलागाईं, फेडवासनका तर्फबाट राम घिमिरे र उपभोक्ता समितिका तर्फबाट चितवनकी सिर्जना देवकोटा सहभागी हुनुभएको थियो ।

पहिलो दिनको प्राविधिक सत्रको अन्तिम सत्रका रुपमा खानेपानी तथा सरसफाइ आयोजनाको सुचारुपना तथा दिगोपना (अवस्था, समस्या तथा सवालहरु) विषयक प्रस्तुति रहेको थियो । डोलिडारका महानिर्देशक जीवनकुमार श्रेष्ठले यस सत्रको अध्यक्षता गर्नुभएको थियो भने सहअध्यक्षता नेपाल वास एलाइन्सकी कलावती पोखरेलले गर्नुभएको थियो । युनिसेफ नेपालकी वास विशेषज्ञ अनु पौडेल गौतम 'ग्रामीण खानेपानी तथा सरसफाइ सेवाको सुचारुपना र दिगोपाना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यो सत्रको प्यानल छलफलमा खानेपानी विभागका सिनियर डिभिजन इन्जिनियर किरण दर्नाल, फेडवासनका तर्फबाट शालिकराम पौडेल, सुआहाराबाट सरस्वती श्रेष्ठ र उपभोक्ता समितिका तर्फबाट धादिङबाट सुवास खतिवडा र कपिलवस्तुबाट कमला चौलागाईंले नेतृत्व गर्नुभएको थियो ।

यसैगरी दोस्रो दिनको प्राविधिक सत्रमा हुने छलफलका एजेन्डामाथि सुझाव र मनाइ संकलन गरी त्यसको निचोड प्रस्तुत गर्नका लागि तीन जनाको समूह गठन गरिएको थियो । जसअनुसार इन्दिरा घिमिरेले सुशासनबारे, बद्री देवकोटाले लैंगिक समता तथा समाजिक समावेशीकरणबारे र मानबहादुर रोकायले जलवायु परिवर्तनबारे सुझाव संकलनको नेतृत्व गर्नु भएको थियो। उहाँहरुले दोस्रो ती विषयमा सुझाव र निष्कर्ष प्रस्तुत गर्नुभएको थियो।

वास समिटको दोस्रो दिन प्राविधिक सत्रमा 'खानेपानी, सरसफाइ तथा स्वच्छतामा सुचारुपना तथा दिगोपानका मुख्य सवाल तथा आगामी कार्यदिशा (सुशासन, लैंगिक समता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा खानेपानी गुणस्तर) विषयमा बहस तथा छलफल भएको थियो । राष्ट्रिय योजना आयोगका सहसचिव गोपीनाथ मैनालीले यो सत्रको अध्यक्षता गर्नुभएको थियो भने युनिसेफकी अरिनिता मास्के श्रेष्ठले सहअध्यक्षता गर्नुभएको थियो। कार्यक्रममा विश्व स्वास्थ्य संगठनका सुदन पन्थीले जलवायु परिवर्तनसम्बन्धी, हेल्भेटासका भरत पोखरेलले सुशासनसम्बन्धी र वाटर एड नेपालकी शिखा श्रेष्ठले लैंगिक समता र सामाजिक समावेशीकरणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । यो सत्रको प्यानलगत छलफलमा शिक्षा विभागका चेतनाथ शर्मा, युनिसेफकी अनु पौडेल गौतम, फेडवासनकी पार्वती तिवारीले नेतृत्व गर्नु भएको थियो।

*दुइ दिने प्राविधिक सत्रपछि ७ बुँदे काठमाडौं प्रतिबद्धता पत्र जारी गर्दै सम्मेलनको समापन भएको थियो।*


"खानेपानी र सरसफाइ सबैका लागि, सधैंका लागि"
खानेपानी, सरसफाइ तथा स्वच्छता
दोस्रो राष्ट्रिय शिखर सम्मेलन
एवं
खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल (फेडवासन)
तेस्रो राष्ट्रिय महाधिवेशन
५–७ चैत्र, २०७१, काठमाडौं
आयोजक:
सहकार्य संस्थाहरु:
खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल



































# सम्मेलनका दृष्यहरु

# खानेपानी, सरसफाइ तथा स्वच्छता राष्ट्रिय शिखर सम्मेलन किन ?

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्य तथा सन् २०१७ सम्ममा सबैलाई खानेपानी र सरसफाइको आधारभूत सेवा प्रदान गर्ने राष्ट्रिय लक्ष्य पूरा गर्ने प्रतिबद्धता नेपालले व्यक्त गरेको छ । यसलाई सम्बोधन गर्ने विभिन्न राष्ट्रिय नीति तथा कानुनहरू पनि निर्माण भइसकेका छन् ।

खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा काम गर्ने तर छरिएर रहेका विभिन्न सरोकारवाला निकायलाई एकै ठाउँमा सहभागी गराई कार्यक्रमहरूको योजना निर्माण र कार्यान्वयनमा एकरुपता तथा भएका नीति नियमहरूको अनुगमन तथा मूल्यांकनका लागि नयाँ बाटो पहिल्याई सहकार्य र आवश्यक परिवर्तन ल्याउन पहल गर्ने उद्देश्यले सन् २०११ मा पहिलो संयुक्त क्षेत्रगत समीक्षा आयोजना गरिएको थियो। यसैलाई निरन्तरता दिँदै सन् २०१४ मा दोस्रोपटक यो समीक्षा सम्पन्न भइसकेको छ । सो समीक्षाले आठवटा महत्वपूर्ण सवालमा प्रमुख कार्यक्रम तथा गतिविधिहरूलाई प्राथमिकता दिएको छ । जसमा खानेपानी आयोजनाहरूको सुचारु र दिगोपनका लागि फेडवासनको भूमिका महत्वपूर्ण रहने ठहर गरेको छ । खानेपानी र सरसफाइ क्षेत्रको दिगो विकास तथा प्रवर्द्धनका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कानुनी वैधता सुनिश्चित गर्ने तथा क्षमता विकासमा जोड दिने कुरा खानेपानी, सरसफाइ तथा स्वच्छताको दोस्रो संयुक्त क्षेत्रगत समीक्षाको घोषणा–पत्रमा उल्लेख छ ।

फेडवासनले नेपालको खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा सरकारी तथा गैरसरकारी निकायसँगको सहकार्य र सहयोगमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। यस्तो सहकार्यको प्रमुख उद्देश्य समुदायका सीमान्तकृत, विपन्न वर्गहरू र महिलाको स्वच्छ र दिगो खानेपानी तथा सरसफाइको सुविधा उपभोगमा पहुँच वृद्धि गर्नुका साथै ती समुदायलाई परियोजनाको व्यवस्थापनमा भूमिका सुनिश्चित गर्नु हो ।

NMIP WATSAN survey 2014 का अनुसार नेपालको कुल जनसंख्याको करिब ८३.६ प्रतिशत जनतामा मात्र खानेपानीको पहुँच पुगेको देखिन्छ भने सरसफाइमा करिब ७० प्रतिशतको मात्र पहुँच छ । हाल भएका आयोजनाहरूमध्ये २५.४ प्रतिशत खानेपानी तथा सरसफाइ आयोजनाहरूमात्र व्यवस्थित रुपमा सञ्चालन भएको, ३६.१ प्रतिशत आयोजना सामान्य मर्मत चाहिने अवस्थामा पुगेको, ९.२ प्रतिशतको जटिल मर्मतसंभार गर्नुपर्ने र १९.८ प्रतिशत पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेको समेत सो तथ्यांकले देखाउँछ । त्यसैगरी सो सर्भेले ज्यादै न्यून संख्या (३७.९ प्रतिशत) मा मात्र उपभोक्ता समितिहरू जिल्ला जलस्रोत समितिमा दर्ता भएको, ६८.५ प्रतिशत आयोजनामा मर्मत सम्भार कार्यकर्ता नभएको, ९५.५ प्रतिशत आयोजनामा मर्मत सम्भार कोषको व्यवस्था नभएको र ६५.५ प्रतिशत आयोजनामा मर्मत सम्भारका पर्याप्त सामग्री नभएको देखाएको छ ।

यिनै तथ्यहरूलाई मध्यनजर गर्दै फेडवासनको आयोजना तथा नेपाल सरकार र अन्य सरोकारवालाको समन्वयमा २०६९ श्रावण २२ र २३ गते पहिलो खानेपानी, सरसफाइ र स्वच्छता राष्ट्रिय शिखर सम्मेलन भएको थियो। केन्द्र तथा जिल्लाका सरोकारवाला, उपभोक्ता समूह/समितिका प्रतिनिधिको वृहत् उपस्थिति रहेको सम्मेलनमा खानेपानी र सरसफाइसम्बन्धी नीति, कानुनहरू र कार्यान्वयनमा देखिएका समस्याका बारेमा छलफल भएको थियो । सम्मेलनमा फेडवासनको भूमिकाका बारेमा पनि वृहत् छलफल भयो ।

खानेपानी सरसफाइ र स्वच्छताको दिगो र समानुपातिक विकासका लागि सुशासनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने यसका लागि हरेक उपभोक्ता समितिमा लैंगिक र सामाजिक समावेशीकरण अत्यावश्यक हुन्छ । योजना तर्जुमा, कार्यान्वयन तथा नीतिगत तहमा महिलाको अत्यन्त कम सहभागिता हुने भएकाले जबसम्म महिलाको क्षमतमा अभिवृद्धि गर्दै उपभोक्ता समितिमा उनीहरूको प्रभावकारी सहभागिता सुनिश्चित गरिँदैन तबसम्म आयोजनाको सुचारु र दिगोपनमा प्रश्न उठिरहन्छ । यही कुरालाई मध्यनजर गर्दै फेडवासनले सरकारी निकाय, विकास साझेदार तथा अन्य सम्बन्धित सरोकारवालाहरूको समन्वयमा खानेपानी, सरसफाइ र स्वच्छताको सुचारु तथा दिगोपनका लागि लैंगिक तथा सामाजिक समावेशीकरण र सुशासनका सवालहरू उठान गर्ने जसका लागि नीतिगत र कार्यान्वयन तहमा भएका खाडल पत्ता लगाउने र क्षेत्रगत सुधार प्रक्रियाका लागि फेडवासनको भूमिका स्पष्ट गर्ने उद्देश्यका साथ दुई दिने राष्ट्रिय शिखर सम्मेलन आयोजना गरेको हो ।

खानेपानी र सरसफाइ सबैका लागि, सधैका लागि
खानेपानी, सरसफाइ तथा स्वच्छता दोस्रो राष्ट्रिय शिखर सम्मेलन

# काठमाडौं प्रतिबद्धता पत्र

५–६ चैत्र २०७१

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गरी खुला दिसामुक्त क्षेत्र घोषणा अभियानलाई निरन्तरता दिँदै पूर्ण सरसफाइयुक्त समाजको निर्माण र जलवायु परिवर्तनबाट हुने असरहरुलाई न्यूनीकरण एवं अनुकूलनलाई मध्यनजर गरी पूर्ण जवाफदेहिता र उत्तरदायित्व बहन गर्दै अर्थपूर्ण सहभागितामा जोड दिनुका साथै स्थानीय स्तरमा सामाजिक नीति, नियम र मूल्य मान्यताका साथ नौला सिर्जनात्मक क्रियाकलायहरु संचालन गरी खानेपानी आयोजनाहरुको संचालन, सुचारुपनामा तथा दिगो व्यवस्थापनमा विशेष योगदान पुर्‍याई घरायसी, विद्यालय, संस्थागत र सार्वजनिक तहमा स्वच्छ चर्पीको प्रयोग, सावुन पानीले हात धुने बानीको अभ्यास र स्वच्छ खानेपानीको सुविधा सुनिश्चित गरी राष्ट्रिय लक्ष्यलाई सन् २०१७ भित्र पूरा गर्नका लागि हामी खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा क्रियाशील खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, नेपाल सरकारका सरोकारवाला मन्त्रालय तथा विभागहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु र नागरिक समाजले संकल्प गर्दै ७ बुदे प्रतिबद्धता जारी गर्दछौं ।

## १. सहभागितामूलक नीति निर्माण, पुनरावलोकन, परिमार्जन तथा कार्यान्वयन

- भावी संविधानमा खानेपानी तथा सरसफाइलाई मौलिक हकका रुपमा स्थापित गर्नका लागि पहल गर्ने ।
- निर्माण भएका खानेपानी आयोजनाहरुको सुचारुपना तथा व्यवस्थापन सुधार गर्न र सेवा नपुगेका समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न खानेपानीको गुरुयोजना निर्माणमा पहल गर्ने
- खानेपानीका सम्पूर्ण स्रोत तथा मुहानहरुलाई कानुनमा उल्लेख भएअनुसार राष्ट्रिय सम्पत्तिका रुपमा संरक्षण र सदुपयोगमा जोड दिने ।
- खानेपानी तथा सरसफाइ क्षेत्रमा विद्यमान तथा नयाँ बन्ने ऐन, नीति, नियम, कानुन तथा निर्देशिकामा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- यस क्षेत्रमा आयोजनाहरुको सुचारुपन सुधार तथा निर्माणाधीन योजनाहरुको समयमै निर्माण कार्य सम्पन्न गर्नका लागि केन्द्र जिल्ला र गाविसबाट पर्याप्त बजेट विनियोजनका लागि पहल गर्ने
- खानेपानी तथा सरसफाइ क्षेत्रको अनुगमन तथा मूल्यांकन प्रक्रियालाई एकरुपता ल्याई कार्यसम्पादन मूल्यांकनको आधारमा खानेपानी उपभोक्ता समिति तथा अन्य संस्थालाई सम्मान, कदर तथा पुरस्कारको व्यवस्था गर्दै लैजाने
- जिल्ला जलस्रोत समितिमा महासंघको नियमित सदस्यताका लागि पहल गर्ने ।

## २. संस्थागत विकास तथा सुदृढीकरण

- उपभोक्ता संस्थाको दर्ता प्रक्रियालाई सरलीकरण र सहजीकरण गरी दर्ता संख्यामा वृद्धि गर्ने
- महासंघको रणनीतिक योजनामा परिमार्जन गरी महासंघको सञ्जाल गाविस स्तरसम्म विस्तार गर्न पहल गर्ने
- उपभोक्ता समिति तथा महासंघको संस्थागत नेतृत्व, व्यवस्थापन र समन्वयका क्षमता अभिवृद्धिमा जोड दिने ।
- विभिन्न तहका खानेपानी सरसफाइ तथा स्वच्छत समन्वय समितिहरुलाई (गाउँ/नगर/जिल्ला/केन्द्र) मा निर्माण हुने खानेपानी तथा सम्बन्धित विषयगत समिति तथा संयन्त्रहरुको संस्थागत विकास गरी समन्वयात्मक भूमिकाका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा महासंघको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

## ३. खानेपानी आयोजनाहरूको दिगो व्यवस्थापन, सुचारूपन, सेवा विस्तार र स्तरोन्नति

- एक घर एक धारा र एक चर्पीको अवधारणालाई कार्यान्वयन गर्न पहल गर्ने
- खानेपानी र सरसफाइको तथ्यांकलाई अद्यावधिक गर्दै सामान्य मर्मत कार्यलाई प्राथमिकता दिई उपभोक्ता समितिहरुलाई परिचालन गरी सुचारुपनमा वृद्धि गर्ने
- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुरुप स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्धताको सुनिश्चित गर्न खानेपानी सुरक्षा योजना अनिवार्य लागू गर्ने ।

- खानेपानी स्रोत दर्ता, संस्था दर्ता तथा विवादमा मध्यस्थता गर्दै आयोजना सुचारुपनमा वृद्धि गर्दै लैजाने ।
- उपभोक्ता समितिको व्यावसायिक योजना निर्माण गरी मर्मत सम्भार कोष तथा कार्यकर्ता, औजारको व्यवस्था, पानी शुल्क संकलन तथा पानीको बहुउपयोग प्रवर्द्धनमा जोड दिने

## ४.सरसफाइ तथा स्वच्छता प्रवर्द्धन

- सरसफाइ तथा स्वच्छताको दिगोपना कायम गर्न पूर्ण सरसफाइ उन्मुख कार्यक्रमहरु सञ्चालन गर्दै स्वच्छ बानी व्यवहारको विकास गर्ने,
- विद्यालय र समुदायलाई खानेपानी तथा सरसफाइमा नमूनाको रुपमा विकास गर्ने ।
- पूर्ण सरसफाइ विकासका लागि स्वच्छ पानीको व्यवस्थापन तथा अन्य अभियान सञ्चालन गर्न विद्यमान खानेपानी तथा सरसफाइ समितिहरुको परिचालन गर्ने,
- खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई थप प्रभावकारी बनाउन प्रमाणीकरण प्रक्रियालाई पूर्ण कार्यान्वयन गर्न पहल गर्ने

## ५. लैंगिक, समावेशी तथा समतामूलक सहभागिता एवं स्रोतको सुनिश्चिता

- सहरी विकास मन्त्रालयको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्य निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने
- खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमा ५० प्रतिशत महिला तथा विभिन्न वर्गको समानुपातिक सहभागिता सुनिश्चित गर्दै नेतृत्व विकासका निम्ति क्षमता अभिवृद्धि कार्यहरुलाई रणनीतिक रुपमा अघि बढ्ने
- पहुँच नपुगेका समुदाय तथा क्षेत्रमा पहुँच वृद्धिका लागि समतामूलक बजेट लगानी तथा विनियोजित बजेटको अधिकतम सदुपयोग गर्नुका साथै विभिन्न वर्गका प्रयोगकर्ताहरुको भिन्न आवश्यकतामा आधारित उपयोगमैत्री खानेपानी तथा सरसफाइ संरचनाहरु प्रवर्द्धन गर्ने ।

## ६. सुशासन

- खानेपानी तथा सरसफाइ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको सम्पूर्ण प्रक्रिया र चरणमा पारदर्शिता, जवाफदेहिता तथा अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्ने
- खानेपानी तथा सरसफाइका आयोजनाहरुमा सुशासन तथा सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गरी सम्पूर्ण योजनाको गुणस्तरमा अभिवृद्धि गर्ने
- सञ्चारमाध्यमको भूमिका अभिवृद्धि गरी सहज सूचनाको पहुँच सुनिश्चित गर्ने
- खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रभावकारी कार्यान्वयनका लागि शिक्षा, स्वास्थ्यलगायत नेपाल सरकारका अन्य निकायसँगको समन्वय र सहकार्यमा वृद्धि गर्दै लैजाने ।
- सफलता, असफलताका अनुभवहरुलाई अभिलेखीकरण, आदान-प्रदान तथा प्रचार-प्रसार गर्दै लैजाने ।
- संयुक्त तथा स्वमूल्यांकनमा आधारित सामुदायिक तथा सहभागितामूलक अनुगमन प्रणालीको विकास तथा अवलम्बन गर्ने ।

## ७. जलवायु परिवर्तन तथा विपद् प्रतिरोध क्षमता अभिवृद्धि

- जलवायु परिवर्तन तथा विपद्का कारण पानीको स्रोत तथा सरसफाइका आयोजनमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि खानेपानी तथा सरसफाइका आयोजनाको निर्माण चरणदेखि नै वृक्षरोपण, तटबन्ध तथा वातावरणमैत्रीका साथै प्रकोप प्रतिरोधी संरचनाको निर्माणमा जोड दिने
- जलवायु अनुकूलन योजनामा खानेपानी र सरसफाइका आयोजनाहरु समावेश गर्न पैरवी गर्ने
- विद्यमान खानेपानीका स्रोत, मुहान, तथा जलाधार क्षेत्रहरुको पुनर्भरण (रिचार्ज) तथा अन्य प्रक्रियाद्वारा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै संरक्षण, प्रवर्द्धन तथा विकास गर्ने ।

**प्रतिबद्धता जाहेर गर्ने निकाय तथा संस्थाहरू**

प्रकाशक :

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल**

Federation of Drinking Water & Sanitation Users' Nepal (FEDWASUN)

केन्द्रीय कार्यालय थापाथली, काठमाडौं, पो.ब.नं. १९९८०, फोन ०१४२४९७२०, फ्याक्स ०१४२४५७३९, ईमेल : info@fedwasun.org, वेबसाइट : www.fedwasun.org